धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद महाशाखा

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२६७२९
Email : edu.dhangadi@gmail.com
website : dhangadhimun.gov.np

प.सं. :- २०७८/७९
च.नं. :- ३४६

मिति :- २०७८/१२/०१

**विषय : निजी स्रोत शिक्षकको थप पारिश्रमिक रकम माग सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालय,
धनगढी, कैलाली ।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७८।११।२५ को बैठकको निर्णयानुसार यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा विगत देखि कार्यरत रही गत आ.व. २०७७।७८ सम्म उपमहानगरपालिकाले निकासा गरेको रकमबाट थप पारिश्रमिक प्राप्त गरेका शिक्षकहरुका लागि यस बर्ष पनि थप पारिश्रमिक वापत तोकिएको रकम उपलब्ध गराउने कार्यक्रम रहेकोले उक्त रकम निकासाका लागि यसैसाथ संलग्न **"निजी स्रोत शिक्षक थप पारिश्रमिक माग फाराम २०७८"** को ढाँचामा मिति २०७८ चैत्र १० गतेभित्र देहाय बमोजिम पारिश्रमिक माग गरी पठाउनु हुन जानकारीका लागि अनुरोध छ ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहाय :

१. विद्यालयले पारिश्रमिक रकम माग गर्दा यसैसाथ संलग्न फाराम बमोजिम विवरण तयार गरी माग गर्ने ।
२. गत आ.व. २०७७।७८ मा विद्यालयमा निकासा भएको रकम कुन निजीस्रोत शिक्षकलाई भुक्तानी गरिएको हो, सो को भर्पाई वा बैंक खातामा रकम निकासा गरिएको पत्र वा सो को प्रतिलिपि पेश गर्ने ।
३. माग फाराम साथ सम्बन्धित शिक्षकहरुको नियुक्ति पत्र, नागरिकता, अध्यापन अनुमति पत्र र शैक्षिक योग्यताका प्रमाणपत्र (सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताको मात्र) का प्रतिलिपि संलग्न गर्ने ।
४. नगरपालिका तर्फको रकम उल्लेख गर्दा गत आ.व. २०७७।७८ को हकमा सम्बन्धित शिक्षकलाई उपलब्ध गराएको वास्तविक रकम उल्लेख गर्ने । यस आ.व. को हकमा विद्यालयमा निकासा हुने देहायको रकम कुन तहका कुन शिक्षकलाई कति उपलब्ध गराउने हो, सो कुरा खुलाउने ।
   - आधारभूत तह कक्षा १-५ मा शुन्य दरबन्दी भएका विद्यालयहरु बार्षिक रु. १२०,०००।–
   - आधारभूत तह कक्षा ६-८ मा शुन्य दरबन्दी भएका विद्यालयहरु बार्षिक रु. १४४,०००।–
   - माध्यमिक तह कक्षा ९-१० मा न्युनतम २ वा भन्दा कम दरबन्दी भएका विद्यालयहरु बार्षिक रु. १८०,०००।–
   - अन्य विद्यालयहरुको हकमा कक्षा १-५ का प्राथमिक शिक्षकका लागि प्रति शिक्षक बार्षिक रु. ४२,५००।-, कक्षा ६-८ का निम्न माध्यमिक शिक्षकका लागि प्रति शिक्षक बार्षिक रु. ५०,०००।– र माध्यमिक शिक्षक कक्षा ९-१० का लागि प्रति शिक्षक बार्षिक रु. ६६,५००।– का दरले माग फाराम पेश गर्ने ।
५. रकम विनियोजन हुँदा विगत देखि कार्यरत प्राथमिक तहका ९७ जना, निम्न माध्यमिक तहका ७४ जना र माध्यमिक तहका २६ जना गरी कूल १९७ जनालाई आधार लिइएकोले माग गर्दा सोही तथ्याङ्कका आधारमा गर्ने ।
६. शुन्य र २ वा भन्दा कम दरबन्दी भएका विद्यालयको जानकारी महाशाखाबाट प्राप्त गर्न सकिनेछ ।

**बोधार्थ :**
श्री सञ्चार तथा सुचना प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन ।

धनगढी उपमहानगरपालिका। शिक्षा, युवा तथा खेलकुद महाशाखा। धनगढी, कैलाली।

# निजी स्रोत शिक्षक थप पारिश्रमिक माग फाराम २०७८

धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

EMIS No:- 71

विद्यालयको नाम र ठेगाना :-

| क्र.सं. | शिक्षकको नाम | नियुक्ति भएको तह | नियुक्ति मिति | शैक्षिक योग्यता | पढाउने विषय | अध्यापन अनुमति पत्र | | गत आ.व. २०७७।७८ को पारिश्रमिकको स्रोत | | | यस आ.व. मा भुक्तानी गरिने पारिश्रमिकको स्रोत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भएको | नभएको | विद्यालय | नगरपालिका | जम्मा | विद्यालय | नगरपालिका | जम्मा | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

तयार गर्ने
मिति

प्रधानाध्यापक
मिति

विव्यस अध्यक्ष
मिति

शाखा/शिक्षा अधिकृत
मिति

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

<u>फाराममा विवरण भर्ने तरिका</u>

१ विद्यालयको निजी स्रोतमा कार्यरत शिक्षकहरुको माध्यमिक देखि बालविकास सम्मको बढ्दोक्रममा लेख्ने । उदाहरण : १, २..

२ निजी स्रोतमा कार्यरत शिक्षकको नाम माध्यमिक तह देखि बालविकास सम्म ज्येष्ठताका आधारमा लेख्ने ।

३ निजी स्रोतमा कार्यरत शिक्षकलाई नियुक्ति गरिएको तह माध्यमिक, निम्नमाध्यमिक, बालविकास मध्ये जुन हो त्यही तह लेख्ने । उदाहरण : माध्यमिक

४ निजी स्रोतमा कार्यरत शिक्षकको नियुक्ति मिति साल, महिना र गतेमा लेख्ने । उदाहरण : २०७८।१२।०१

५ निजी स्रोतमा कार्यरत शिक्षकहरुले विद्यालयमा पेश गरेको शैक्षिक योग्यताको तह लेख्ने । उदाहरण : स्नातक

६ निजी स्रोतमा कार्यरत शिक्षकहरुले पढाउने विषय लेख्ने । उदाहरण : नेपाली । प्राथमिकको हकमा सबै विषय लेख्ने ।

७ स्थायी अध्यापन अनुमति पत्र छ भने भएको भनी लेख्ने ।

८ स्थायी अध्यापन अनुमति पत्र छैन् भने नभएको भनी लेख्ने ।

९ गत आ.व.२०७७।७८ को अवधिमा पारिश्रमिक वापत विद्यालयले आफ्नै स्रोतबाट भुक्तानी गरेको कूल पारिश्रमिक रकम उल्लेख गर्ने ।

१० गत आ.व.२०७७।७८ को अवधिमा नगरपालिकाबाट निजी स्रोतको शिक्षकको थप पारिश्रमिक वापतको रकमबाट सम्बन्धित शिक्षकलाई भुक्तानी गरेको रकम उल्लेख गर्ने ।

११ गत आ.व.२०७७।७८ मा विद्यालय र नगरपालिकाको समेत गरी निजी स्रोत शिक्षकलाई उपलब्ध गराएको कूल पारिश्रमिक रकम लेख्ने ।

१२ यस आ.व.२०७८।७९ को अवधिमा पारिश्रमिक वापत विद्यालयले आफ्नै स्रोतबाट भुक्तानी गर्न विनियोजन गरेको कूल रकम लेख्ने ।

१३ यस आ.व.२०७८।७९ को अवधिमा नगरपालिकाबाट निजी स्रोतको शिक्षकको थप पारिश्रमिक वापत निकासा हुने रकमबाट सम्बन्धित शिक्षकलाई भुक्तानी गरिने रकम उल्लेख गर्ने ।

१४ यस आ.व.२०७८।७९ मा विद्यालय र नगरपालिकाको समेत गरी निजी स्रोत शिक्षकलाई उपलब्ध गराईने कूल पारिश्रमिक रकम लेख्ने ।

१५ अन्य केही कुरा खुलाउनु पर्ने भए लेख्ने ।